लोक सेवा आयोग

# खोटाङ कार्यालय

दिक्तेल

## राजपत्र अनंकित, प्रथम श्रेणी (अप्राविधिक), नायव सुब्बा वा सो सरह पदको परीक्षा भवन कायम गरिएको सूचना

### सूचना नं. ०५ /०७८-७९, मिति २०७८/०५/२४

लोक सेवा आयोग, धनकुटा कार्यालयको देहाय बमोजिमको विज्ञापन नं., सेवा, समूह, उपसमूह र पदको परीक्षा केन्द्र खोटाङ, दिक्तेल राखी दरखास्त स्वीकृत भई प्रथम चरणको परीक्षामा उत्तीर्ण उम्मेदवारहरुको पूर्व निर्धारित द्वितीय चरणको लिखित परीक्षा कार्यक्रम आयोगको मिति २०७८।०३।१४ को निर्णय बमोजिम नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ को पालना गरी/गराई निम्न मिति, समय र स्थानमा सञ्चालन हुने गरी तोकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**परीक्षा सञ्चालन सम्बन्धी कार्यक्रम**

| क्र.सं. | विज्ञापन नं. | सेवा/ समूह /उपसमूह | पद | विषय | परीक्षा मिति र समय | रोल नं. | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|
| १ | १०००२-१०००७ /०७७-७८ (खुला तथा समावेशी) | संयुक्त र एकीकृत (सबै सेवा समूहका लागि) | नायव सुब्बा वा सो सरह | **द्वितीय पत्र** समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन | २०७८।०६।०९ विहान ८:०० बजेदेखि २ घण्टा ३० मिनेट | परीक्षा केन्द्र दिक्तेल राखी प्रथम चरणको परीक्षामा उत्तीर्ण सम्पूर्ण उम्मेदवारहरु | **श्री सरस्वती मा.वि., खोटाङ, दिक्तेल** |
| २ | | न्याय/न्याय, सरकारी वकिल | | **तृतीय पत्र** सेवा समूह सम्बन्धी | २०७८।०६।१० विहान ८:०० बजेदेखि २ घण्टा ३० मिनेट | | **श्री लोक सेवा आयोग, खोटाङ कार्यालय, दिक्तेल** |
| ३ | | प्रशासन/सामान्य प्रशासन | | | २०७८।०६।११ विहान ८:०० बजेदेखि २ घण्टा ३० मिनेट | | **श्री सरस्वती मा.वि., खोटाङ, दिक्तेल** |
| ४ | | प्रशासन/लेखा | | | २०७८।०६।१२ विहान ८:०० बजेदेखि २ घण्टा ३० मिनेट | | **श्री लोक सेवा आयोग, खोटाङ कार्यालय, दिक्तेल** |
| ५ | | प्रशासन/राजश्व | | | २०७८।०६।१४ विहान ८:०० बजेदेखि २ घण्टा ३० मिनेट | | **श्री लोक सेवा आयोग, खोटाङ कार्यालय, दिक्तेल** |

**द्रष्टव्य १**

क) परीक्षार्थीले आफ्नो प्रवेशपत्रको साथमा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै परिचयपत्र अनिवार्य रुपमा साथै लिई १ घण्टा अगावै परीक्षा भवनमा उपस्थित हुनुपर्ने छ।

ख) तोकिएको परीक्षा केन्द्रबाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन।

ग) परीक्षा भवनमा मोबाइल, अन्य इलेक्ट्रोनिक्स डिभाइस र व्याग (झोला) निषेध गरिएको छ।

घ) परीक्षामा कालो मसी भएको कलम/डटपेन मात्रै प्रयोग गर्नुपर्ने छ।

ङ) परीक्षार्थीले उत्तरपुस्तिका बुझाई हस्ताक्षर गरी बाहिर जानुपर्ने छ।

च) आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

छ) नेपाल सरकारबाट जारी भएको स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालन गर्नुपर्ने छ।



फोन नं. ०३६-४२०७५७/०३६-४२०१७७, फ्याक्स नं ०३६-४२०१७७ Website:- www.psc.gov.np
Email:- diktel@psc.gov.np / psc.sagarmatha@gmail.com

द्रष्टव्य २

***संक्रमणको विशेष अवस्थामा आयोगको परीक्षा सञ्चालन (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ अनुसार परीक्षार्थीले अनिवार्यरुपमा पालना गर्नुपर्ने विषयहरु:***

- परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयमले कम्तिमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नुपर्ने छ।
- उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा दुई मिटरको दूरी कायम गर्नुपर्ने छ।
- परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्ने छ।
- परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरीकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ।
- परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन।
- **परीक्षार्थी आफू कोभिड-१९ को संक्रमणबाट संक्रमित भए-नभएको स्वयम्ले आयोगको वेवसाइटमा रहेको फाराम भरी अनलाइनबाट घोषणा गर्नुपर्ने छ।**
- **कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरुका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले परीक्षा मितिको एक दिन अगावै मोबाइल नम्बर ९८४२८४७००३ वा ९८४३६६०१११ मा सम्पर्क गरी आफ्नो रोल नम्बर र नाम थर समेत टिपाउनुपर्ने छ।**

(भगतप्रसाद आचार्य)
नायव सुब्बा

(योगराज पौडेल)
शाखा अधिकृत



फोन नं. ०३६-४२०७५७/०३६-४२०१७७, फ्याक्स नं ०३६-४२०१७७ Website:- www.psc.gov.np
Email:- diktel@psc.gov.np / psc.sagarmatha@gmail.com